स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग १ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०७ संख्याः ०८ मितिः २०८०।१०।१७**

## भाग-१

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति **२०१०।१०।१५** गते विरुवा गाउँपालिका गाउँ सभाको १४ औं अधिवेसनले बनाएको **“विरुवा प्रज्ञा प्रतिष्ठान ऐन-२०७९ को पहिलो संसोधन-२०८०”** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावनाः  विरुवा प्रज्ञा प्रतिष्ठान ऐन, २०७९** का केहि दफाहरु संशोधन गर्न वाञ्छनीय भएकोले विरुवा गाउँपालिका गाउँ सभाको १४ औं अधिवेसनले विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम **"विरुवा प्रज्ञा प्रतिष्ठान ऐन-२०७९ को पहिलो संशोधन विधेयक-२०८०"** रहेको छ ।

(२) यो ऐन गाउँ सभाबाट पारित भई स्थानिय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **संशोधन हुनेः** विरुवा प्रज्ञा प्रतिष्ठान ऐन, **२०७९** को निम्नासारका विषयहरु यस विधेयकले संशोधन गर्ने छ।

(१) "विरुवा प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" दफा ६(४) (घ) मा कार्यसमितिमा २ जना रहेन व्यवस्था संशोधित गरि ४ जना रहने ।

(२) "विरुवा प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" दफा ७ (१) प्रतिष्ठानमा पदाधिकारी सहित वढीमा

१३ जनाको परिषद् रहने व्यवस्था संशोधित गरि १५ जना रहने ।

**३. खारेजी वा वा बचाउः** (१) उपदफा २ बमोजिम संशोधन भएका बाहेकका दफा, उपदफा "विरुवा प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" बमोजिम लागु हुनेछ ।

**आज्ञाले**
**भेषराज आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**